# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असार २ गते २०३८ साल (अतिरिक्ताङ्क १२


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा सम्वत् २०३८ साल वैशाख २६ गते प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट स्वीकृत गरिबक्सी प्रधानमन्त्री लगायत सबैलाई आ-आफ्नो ओहदामा रही ईमानदारीपूर्वक गरेका कामका निमित्त धन्यवाद बक्सँदै नेपालको संविधानबमोजिम मौजूदा मन्त्रिपरिषद् विघटन गरिबक्सेको छ ।

साथै, मौसूफका हजूरमा राष्ट्रिय पञ्चायतका अध्यक्षले राष्ट्रिय पञ्चायतका सदस्य श्री सूर्यबहादुर थापा प्रधानमन्त्री पदको लागि राष्ट्रिय पञ्चायतबाट विधिवत निर्विरोध छानिनु भएकोले निजलाई प्रधानमन्त्रीको पदमा नियुक्ति बक्सन राष्ट्रिय पञ्चायतको सिफारिश बिन्ति चढाउनु भएको हुँदा, मौसूफबाट नेपालको संविधानबमोजिम राष्ट्रिय पञ्चायतकै सिफारिशमा श्री सूर्यबहादुर थापालाई प्रधानमन्त्रीको पदमा नियुक्त गरिबक्सी निजको अध्यक्षतामा निजकै सिफारिशमा देहाय अनुसारको मन्त्रिपरिषद्को गठन तथा कार्य विभाजन-समेत गरिबक्सेको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मन्त्रिपरिषद् गठन विधि | | कार्य विभाजन |
|---|---|---|
| १. श्री सूर्यबहादुर थापा | प्रधानमन्त्री | राजदरबारसम्बन्धी र परराष्ट्र । |
| २. श्री नैनबहादुर स्वाँर | मन्त्री | गृह । |
| ३. श्री नवराज सुवेदी | मन्त्री | पञ्चायत तथा स्थानीय विकास र स्वास्थ्य । |
| ४. श्री लालबहादुर खडायत | मन्त्री | जलस्रोत । |
| ५. श्री बालाराम घर्तीमगर | मन्त्री | रक्षा र उद्योग । |
| ६. श्री हेमबहादुर मल्ल | मन्त्री | कृषि । |
| ७. श्री रामानन्दप्रसाद यादव | मन्त्री | वन तथा भू-संरक्षण । |
| ८. श्री काशीनाथ गौतम | मन्त्री | निर्माण तथा यातायात । |
| ९. श्री नारायणदत्त भट्ट | मन्त्री | शिक्षा तथा संस्कृति । |
| १०. श्री यादवप्रसाद पन्त | मन्त्री | अर्थ र वाणिज्य तथा आपूर्ति । |

| राज्यमन्त्री | | |
|---|---|---|
| १. श्री हरिबहादुर थापा क्षेत्री | राज्यमन्त्री | भूमिसुधार । |
| २. श्री भीमप्रसाद गौचन | राज्यमन्त्री | सामान्य प्रशासन । |
| ३. श्री द्रोणशम्शेर ज. ब. रा. | राज्यमन्त्री | पर्यटन । |
| ४. सुश्री भद्रकुमारी घले | राज्यमन्त्री | श्रम तथा सामाजिक कल्याण । |
| ५. श्री फतेहसिंह थारू | राज्यमन्त्री | सञ्चार । |
| ६. श्री विष्णु मादेन | राज्यमन्त्री | कानून तथा न्याय । |

| सहायक मन्त्री | | |
|---|---|---|
| १. श्री ध्यानबहादुर राई | सहायक मन्त्री | जलस्रोत । |
| २. श्री नरबहादुर गुरुङ | सहायक मन्त्री | गृह । |
| ३. श्री नारायण मल्ल | सहायक मन्त्री | भूमिसुधार। |
| ४. श्री मोतीप्रसाद पाहाडी | सहायक मन्त्री | निर्माण तथा यातायात । |
| ५. श्री दीपबहादुर सिंह | सहायक मन्त्री | वन तथा भू-संरक्षण । |
| ६. श्री सोमनाथ [illegible] | सहायक मन्त्री | स्वास्थ्य । |

... मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५४.